# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

Volume 18, Issue 1 No. 109 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Shrawan 2075 (Aug-2018)


## सञ्चार मन्त्रीद्वारा पूर्वाञ्चल क्षेत्रको निरीक्षण भ्रमण





सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले नेपाल टेलिकम पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय विराटनगरको निरीक्षण भ्रमण गरी विभिन्न निर्देशन दिनुभएको छ।

गत असार १६ गते सम्पन्न सो निरीक्षण भ्रमणको अवसरमा बोल्दै माननीय मन्त्री बाँस्कोटाले, 'सुखी र समृद्ध नेपाल बनाउने सरकारको संकल्पमा नेपाल टेलिकमले आफ्नो क्षेत्रबाट योगदान गर्नु पर्छ र गुणस्तर, राजस्व र प्रतिष्ठामा नेपाल टेलिकम सधैं एक नम्बरमै भइरहनु पर्छ' भन्नुभयो । उहाँले 'स्मार्ट नेपाल' बनाउन नेपाल टेलिकम पनि 'स्मार्ट' हुनु पर्ने बताउँदै यसबाट डिजिटल नेपाल बनाउने सरकारको चाहनासमेत पूरा गर्न सहयोग पुग्ने बताउनु भयो।

उहाँले भन्नु भयो, 'नेपाल टेलिकमले पूर्वाधारको विकासमा जोड दिँदै जनताको घर घरमा सेवा पुऱ्याउने तथा बजारमा आफ्नो प्रभुत्व जमाउने किसिमको योजना बनाउनु पर्छ र यसका लागि आवश्यक नीति, योजना र कार्यक्रम निर्माणमा मन्त्रालयको संलग्नता रहिरहने छ।'

कम्पनीमा क्रियाशील युनियनहरुको ज्ञान, सीप र क्षमता सहकर्मीहरुको हितमा मात्र नभई संस्थाको हितमा पनि उपयोग गर्नु पर्ने कुरामा माननीय मन्त्री बाँस्कोटाले जोड दिनुभयो। उहाँले अधिकार खोज्ने मात्र नभई, कर्तव्यको पनि पालना गर्नुपर्ने कुरा युनियनहरुलाई स्मरण गराउदै राजनीति गर्नका लागि मात्र युनियनलाई प्रयोग नगर्न आग्रह गर्नुभयो।

*(बाँकी २ पेजमा)*

## पोष्टपेड मोबाइलमा आईएसडी सुविधा आफैं लिन सकिने

नेपाल टेलिकमको जीएसएम तथा सीडीएमए पोष्टपेड मोबाइलमा अब अन्तर्राष्ट्रिय कलका लागि आईएसडी (ISD) सुविधा सेवाग्राही आफैले लिन सक्ने भएका छन्। सो सेवा गत असार ०१ गतेदेखि सञ्चालनमा आएको छ।

आईएसडी सुविधा शुरुमा लिन जीएसएम मोबाइलका लागि "0000" र सीडीएमए मोबाइलका लागि "1234" डिफल्ट पिन नम्बर राखिएको छ।

जीएसएम मोबाइलमा आफ्नो पिन नम्बर प्रयोग गरी आईएसडी सेवा खोल्नका लागि सेवाग्राहीले #331*PIN# डायल गर्नु पर्छ भने सेवा बन्द गर्नको लागि *331*PIN# डायल गर्नु पर्छ। साथै आफ्नो आईएसडी सेवा खुला वा बन्द रहेको जानकारी लिनका लागि *#331# डायल गर्नु पर्छ।

सुरक्षाका लागि डिफल्ड पिन नम्बर परिवर्तन गरी आफ्नो इच्छाअनुसारको पिन नम्बर राख्न सकिन्छ। जीएसएम पोष्टपेड मोबाइलमा पिन नम्बर परिवर्तन गर्नका लागि **03*331*old_ PIN*newPIN* newPIN# डायल गर्नु पर्छ।

साथै सीडीएमए पोष्टपेड मोबाइलमा पिन नम्बर परिवर्तन गर्न *81 डायल गर्नु पर्छ। आईएसडी सेवा खोल्नका लागि सेवाग्राहीले *82 डायल गर्नु पर्नेछ भने सेवा बन्द गर्नको लागि *820 डायल गर्नु पर्नेछ।

जीएसएम तथा सीडीएमए पोष्टपेड मोबाइलमा यो भन्दा पहिले पनि आईएसडी सुविधा लिन सकिने व्यवस्था थियो। तर त्यसका लागि कार्यालयमै सम्पर्क राख्नु पर्थ्यो। अब आफ्नै मोबाइलबाट नम्बर डायल गरी सो सुविधा लिन सक्ने भएपछि सेवाग्राहीलाई सहज भएको छ।

## भूकम्प प्रभावित स्थानमा इन्टरनेट सेवा सञ्चालन

भूकम्पबाट अति प्रभावित चार जिल्लाका विभिन्न स्थानमा इन्टरनेट सेवा सञ्चालन गर्न नेपाल दूरसञ्चार प्राधिकरणले दिएको जिम्मेवारी नेपाल टेलिकमले तोकिएको समयभन्दा एक महिना अगावै सम्पन्न गरी सेवा सञ्चालनमा ल्याएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल टेलिकमसँग सम्झौता गरी भूकम्पबाट अति प्रभावित चार जिल्लाका ७ सय ४७ सेवा केन्द्रमा २०७५ असार मसान्तसम्म इन्टरनेट सेवा उपलब्ध गराउन जिम्मेवारी दिएकोमा नेपाल टेलिकमले २०७५ जेठ मसान्तभित्रै तोकिएका सम्पूर्ण सेवा केन्द्रहरुमा उपकरण जडान गरी इन्टरनेट सेवा सञ्चालनमा ल्याएको हो।

ग्रामीण क्षेत्रमा समेत दूरसञ्चार सुविधा उपलब्ध गराउने नेपाल सरकारको नीतिअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले २०७४ बैशाख २१ मा नेपाल टेलिकमसँग सम्झौता गरेर ग्रामीण दूरसञ्चार विकास कोषको रकम परिचालन गरी सो कार्य सम्पन्न गर्न नेपाल टेलिकमलाई जिम्मेवारी दिएको थियो।

कम्पनीले भूकम्पबाट अति प्रभावित सिन्धुपाल्चोक जिल्लाका २१३, काभ्रेपलाञ्चोक जिल्लाका २८९, नुवाकोट जिल्लाका २०५ र रसुवा जिल्लाका ४० स्थानमा सो सेवा सञ्चालनमा ल्याएको छ। समग्रमा ३१३ नगरपालिका, गाउँपालिका तथा वडा कार्यालय, १६९ हेल्थपोष्ट तथा पब्लिक हेल्थपोष्ट र २६५ विद्यालयमा विभिन्न प्रविधिमार्फत इन्टरनेट चलाउन सकिने व्यवस्था गरिएको छ।

जिल्लागत रुपमा हेर्दा सिन्धुपाल्चोकका ९३ नगरपालिका, गाउँपालिका तथा वडा कार्यालय, ४९ हेल्थपोष्ट तथा पब्लिक हेल्थपोष्ट र ७१ विद्यालय, काभ्रेपलाञ्चोकका १२८ नगरपालिका, गाउँपालिका तथा वडा कार्यालय, ५८ हेल्थपोष्ट तथा पब्लिक हेल्थपोष्ट र १०३ विद्यालय, नुवाकोटका ७५ नगरपालिका, गाउँपालिका तथा वडा कार्यालय, ५० हेल्थपोष्ट तथा पब्लिक हेल्थपोष्ट र ८० विद्यालय तथा रसुवाका १७ नगरपालिका, गाउँपालिका तथा वडा कार्यालय, १२ हेल्थपोष्ट तथा पब्लिक हेल्थपोष्ट र ११ विद्यालयमा सो सेवा सञ्चालन गरिएको छ।

सेवाग्राहीले ती स्थानमा कम्तीमा ५१२ केबीपीएस गतिको अनलिमिटेड इन्टरनेट सेवा, सेवा सञ्चालन भएको दुई वर्षसम्म निःशुल्क उपभोग गर्न पाउने व्यवस्था गरिएको छ। साथै सो सेवाको सञ्चालन तथा मर्मत कार्यमा पनि कम्पनीले भूमिका निर्वाह गर्नेछ।

कम्पनीले इन्टरनेट सेवा उपलब्ध गराउनका लागि स्थानअनुसार वाइम्याक्स सीपीई तथा थ्रीजी/ईभीडीओ वाइफाई राउटर उपकरणको व्यवस्था गरेको छ। यसका लागि विभिन्न स्थानमा सर्भिस प्वाइन्ट स्थापना गरिएको छ।

(१ पेजको बाँकी)

# सञ्चार मन्त्रीद्वारा पूर्वाञ्चल ...

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले विभागीय मन्त्रीबाट भएको निर्देशन कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै प्रविधिको द्रुत परिवर्तन, ग्राहकको बढ्दो चाहना र प्रतिस्पर्धात्मक बजार जस्ता कम्पनीका वर्तमान चुनौतीको सामना गर्न सम्पूर्ण कर्मचारीहरुलाई इमान्दारीताका साथ आफ्नो कर्तव्य पालनामा क्रियाशील हुन आग्रह गर्नुभयो ।

उहाँले कम्पनीका ग्राहकहरुको सन्तुष्टिलाई प्राथमिकता दिने, सेवाको मर्मत सम्भारलाई अझ छिटो छरितो पार्ने र कम्तीमा १० प्रतिशत ग्राहक संख्या र कम्तीमा १० प्रतिशत राजस्व वृद्धि गर्ने कम्पनीको उद्देश्य परिपूर्ति गर्न अनुशासित र एकजुट भई आ-आफ्नो क्षेत्रबाट कार्य गर्न सम्पूर्ण कर्मचारीहरुलाई आग्रह गर्नुभयो ।

सो अवसरमा पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक अमरनाथ झाले नेपाल टेलिकम पूर्वाञ्चल क्षेत्रको वर्तमान स्थिति, कार्यक्रम र गतिविधि बारेमा जानकारी गराउनु भएको थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले पूर्वाञ्चाल क्षेत्र अन्तर्गतका दूरसञ्चार कार्यालय विर्तामोड, इटहरी र धरानको पनि निरीक्षण भ्रमण गर्नुभएको थियो ।

त्यस क्रममा ती कार्यालयका प्रमुखहरुले आफ्नो कार्यालय अन्तर्गतका क्षेत्रमा कम्पनीका सेवाहरुको स्थिति, आगामी कार्यक्रम र चुनौतीहरुका बारेमा जानकारी दिनुका साथै माननीय मन्त्रीबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

सो निरीक्षण भ्रमण कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव प्रणवराज न्यौपाने, कम्पनीका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेल, प्रबन्धक देवेन्द्र खतिवडा, प्रबन्धक रामनरेश कुँवर, उप-प्रबन्धकहरुलगायत सो क्षेत्रका कार्यालय प्रमुखहरु एवं अन्य कर्मचारीहरुको पनि सहभागिता रहेको थियो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेललगायतको समूहले दूरसञ्चार कार्यालय विर्तामोड, इटहरी र धरानको समेत निरीक्षण भ्रमण गरेको थियो । सो अवसरमा उहाँहरुले ती कार्यालयका विभिन्न गतिविधिको बारेमा जानकारी लिनुका साथै विभिन्न निर्देशनहरु दिनुभएको थियो ।







मा. मन्त्री, प्रबन्ध निर्देशक र अन्य पदाधिकारी क्रमशः विर्तामोड, धरान र इटहरीको निरीक्षण भ्रमणका क्रममा ।

## नेपाल टेलिकमका सेवासम्बन्धी उपयोगी जानकारी

- आफ्नो मोबाइलको ब्यालेन्स थाहा पाउन *400# डायल गर्नुहोस् ।
- आफ्नो मोबाइल नम्बर थाहा पाउन *9# डायल गर्नुहोस् ।
- कल फरवार्ड गर्न **21*98xxxxxxxx (फरवार्ड गर्न चाहेको नम्बर)# डायल गर्नुहोस् ।
- कल फरवार्ड रद्ध गर्न ##002# डायल गर्नुहोस् ।
- कल वेटिङ सेवा सुचारु गर्न *43# डायल गर्नुहोस् रद्ध गर्न #43# डायल गर्नुहोस् ।
- जीएसएम प्रिपेड मोबाइलमा FNF सेवा सुरु गर्न पहिलो पटक FNFSUB*98XXXXXXXX लेखेर 1415 मा SMS गर्नुहोस् अन्य ४ वटा नम्बर थप गर्न FNFADD*98XXXXXXXX लेखेर 1415 मा SMS गर्नुहोस् ।
- प्रिपेड मोबाइलबाट अर्को नम्बरमा ब्यालेन्स ट्रान्सफर गर्न *422*SECURITYCODE*Mobile Number of Receiver (98xxxxxxxx)* Amount in Rs# डायल गर्नुहोस् ।
- आफ्नो पोस्टपेड मोबाइल तथा ल्याण्डलाइन टेलिफोनको मासिक बिल, बाँकी रकम, अग्रिम रकम आदि हेर्न www.http://gsmbl.ntc.net.np/ मा login गर्नुहोस् । ल्यान्डलाइनको लागि Account Number (मासिक महसुल तिरेको बिलमा लेखेको हुन्छ) र मोबाइलको लागि PUK कोड राखेर हेर्न सकिन्छ ।
- आफ्नो मोबाइल नम्बरको सेक्युरिटी कोड प्राप्त गर्न SCODE लेखेर र PUK कोड प्राप्त गर्न PUK लेखेर 1415 मा SMS गर्नुहोस् ।
- पोस्टपेड मोबाइलमा ISD सुबिधा थप्न #331*0000# डायल गर्नुहोस् सुबिधा हटाउन *331*0000# डायल गर्नुहोस् ।
- डाटा प्याक तथा भ्वाइस प्याक सम्बन्धी नयाँ अफर थाहा पाउन *1415# डायल गर्नुहोस् ।
- डाटा प्याक खरिद गर्न *1415*1# डायल गर्नुहोस् ।
- भ्वाइस प्याक खरिद गर्न *1415*4# डायल गर्नुहोस् ।
- बाँकी डाटा र भ्वाइस प्याक थाहा पाउन *1415*5# डायल गर्नुहोस् ।
- मोबाइलमा CRBT राख्न *1455# डायल गर्नुहोस् र प्राप्त निर्देशन अनुसार गर्नुहोस् । अथवा crbt कोड छ भने SUB पछि खाली स्पेस राखी crbtcode लेखेर 1455 मा म्यासेज गर्नुहोस् ।
- नमस्ते CREDIT सेवा सुचारु आफै हुन्छ ।
- नमस्ते CREDIT सेवा बन्द गर्न STOP लेखेर 1477 मा SMS गर्नुहोस् ।
- मिस्डकल नोटिफिकेसन (अलर्ट) सेवा सुचारु गर्न *1400# डायल गर्नुहोस् वा sub mca लेखेर १४०० मा sms गर्नुहोस् ,सेवा बन्द गर्न unsub mca लेखेर sms गर्नुहोस् ।
- ल्याण्डलाइन टेलिफोनको तिर्नुपर्ने बिल रकम थाहा पाउन CB*01XXXXXX (पुरा टेलिफोन नम्बर) लेखेर 1415 मा SMS गर्नुहोस् । Due amount भनेको तिर्नुपर्ने रकम हो available credit भनेको फोन गर्न मिल्ने बाँकी रकम हो ।
- ADSLको अन्तिम मिति थाहा पाउन VL*NTADSL01XXXXXX (पुरा टेलिफोन नम्बर)लेखेर 1415 मा SMS गर्नुहोस् ।
- ADSL को ब्यालेन्स थाहा पाउन BL*NTADSL01XXXXXX (पुरा टेलिफोन नम्बर) लेखेर 1415 मा SMS गर्नुहोस् ।
- नेपाल टेलिकमको नम्बर सोधपुछ सेवाको लागि १९७ मा फोन गर्नुहोस् ।
- नेपाल टेलिकमको मोबाइल ग्राहक सेवाको लागि १४९८ मा फोन गर्नुहोस् ।
- ल्यान्डलाइन टेलिफोन मर्मतको लागि १९८ मा फोन गर्नुहोस् ।
- नेपाल टेलिकमको विविध सेवा बारे जानकारी लिन तथा ब्यालेन्स तथा बाँकी डाटा जानकारी लिन NEPAL TELECOM (नेपाल टेलिकमको अफिसियल एप्लिकेसन) मोबाइलमा डाउनलोड र रजिस्टर गर्नुहोस् ।
- थप जानकारीको लागि नेपाल टेलिकमको वेबसाइट www.ntc.net.np मा Log On गर्नुहोस् ।

**मैले पोखराबाट निकालेको जीएसएम पोष्टपेड मोबाइल चलाइरहेको छु। हाल म काठमाडौं बस्छु। मैले अब सो नम्बरलाई काठमाडौंबाट नै परिवर्तन गरी अर्को नम्बर चलाउन सक्छु कि सक्दैन ?**

प्राविधिक कारणले हाल पोष्टपेड मोबाइलको सिम जुन अञ्चलबाट लिएको हो, त्यही अञ्चलको कार्यालयबाट मात्र नम्बर परिवर्तन गर्न सकिन्छ। जस्तै : बागमती अञ्चलको काठमाडौंबाट सिम लिएको छ भने तपाईंले धादिङबाट नम्बर परिवर्तन गर्न सक्नु हुन्छ। तर पोखराबाट सकिदैन। त्यस्तै पोखराबाट लिएको छ भने काठमाडौंबाट नम्बर परिवर्तन गर्न सकिदैन।

**मैले नयाँ एडीएसएल अनलिमिटेड अफर लिने विचार गरेको छु। म सँग घरमा ल्यान्डलाइन फोन छैन। अब फोन सहित एडीएसएल जडान गर्न कति दिन र कति पैसा लाग्छ ?**


एडीएसएल सुविधा लिनका लागि तपाईंसँग ल्यान्डलाइन फोन हुनु आवश्यक छ। त्यसैले पहिले ल्यान्डलाइनका लागि नजिकको दूरसञ्चार कार्यालयमा गएर आवेदन दिनुहोस्। तपाईंले व्यक्तिगत रुपमा टेलिफोन लाइन जडान गर्नुपर्ने भएकाले एउटा पासपोर्ट साइजको फोटो र नागरिकताको प्रतिलिपि सहित आवेदन दिनु पर्छ। यसका लागि दर्ता शुल्क रु. ५०।- र नयाँ जडानका लागि आवश्यक दस्तुर रु. २,२५०।- लाग्छ।

सामान्यत: आवेदन दर्ता गरेको तीन दिनभित्र तपाईंको नयाँ लाइन जडान हुन्छ। लाइन जडान गरेर नम्बर उपलब्ध भएपछि बल्ल एडीएसएल जडानका लागि फेरि आवेदन दिनु पर्छ। एडीएसएल जडानका लागि दर्ता शुल्क रु. २००।- लाग्छ। मासिक ५ एमबीपीएस सम्म गतिको अनलिमिटेड एडीएसएलका लागि आवश्यक दस्तुर रु. ७००।- लाग्छ। पहिलो महिना यी दुवै रकम बुझाउनु पर्छ। यसरी रकम भुक्तानी गरेको भोलिपल्ट नै सामान्यत: एडीएसएल पनि जडान हुन्छ।

**ल्यान्डलाइन टेलिफोनमा अघिल्लो महिनासम्मको सबै बिल चुक्ता भएको र नयाँ बिल तयार नभएको अवस्थामा पनि ग्राहकको लाइन किन काटिन्छ ? यसको समाधानको लागि के गर्नु पर्छ ?**

ल्यान्डलाइन टेलिफोनको लाइन काटिने, नकाटिने वा कहिले काटिने भन्ने विषय Available Credit कति छ भन्ने कुराले निर्धारण गर्छ। Available Credit ग्राहकको धरौटी, ग्राहकले Advance मा तिरेको रकम, अघिल्लो महिना सम्मको बुझाउन बाँकी बिल रकम र चालु महिनाको खर्चले निर्धारण गर्छ। ग्राहकले अघिल्लो महिनासम्मको सबै बिल चुक्ता गरेको र नयाँ बिल तयार नभएको अवस्थामा पनि ग्राहकको यस महिनाको खर्च (Unbilled Amount) का कारण Available Credit शुन्य वा सो भन्दा कम हुन गएमा लाइन काटिन सक्छ।

त्यसैले यो महिना धेरै बिल हुने गरी फोन गर्नु परेको छ भने अलि धेरै Credit Limit राखेर वा बढी पैसा जम्मा गरेर लाइन नकाटिने अवस्था ल्याउन सकिन्छ।




**ल्यान्डलाइन टेलिफोनमा एडभान्समा रकम बुझाउन चाहेमा वा थप धरौटी बुझाउन चाहेमा कति रकम जम्मा गर्न सकिन्छ र कसरी गर्ने ?**

कति रकम बुझाउने भन्ने विषय ग्राहकको इच्छामा भर पर्छ। ग्राहकले चाहेको कुनै पनि रकम एडभान्स वा धरौटीको रुपमा जम्मा गर्न सक्छन्। त्यसैले आफूले कति कल गरिन्छ, त्यही अनुसार पुग्ने गरी आवश्यकताअनुसारको रकम जम्मा गर्न सकिन्छ। यसका लागि नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क राख्न सकिन्छ। १४१२ मा डायल गरी रिचार्ज कार्डमार्फत एकाउन्ट रिचार्ज गर्न पनि सकिन्छ।

**नेपाल टेलिकमको मोबाइलमा मैले लिएको भ्वाइस प्याक कति बाँकी छ भनी कसरी थाहा पाउने ?**

मोबाइलमा लिएको भ्वाइस प्याक वा अन्य कुनै पनि प्याक कति बाँकी छ भनी थाहा पाउनका लागि *1415*5# डायल गर्न सकिन्छ। त्यसैगरी VL लेखेर १४१५ मा एसएमएस गर्न पनि सकिन्छ। अनि कति भ्वाइस प्याक वा अन्य प्याक बाँकी छ भन्ने जानकारी सहितको एसएमएस आउँछ। नेपाल टेलिकम एप डाउनलोड गरी एपमार्फत पनि यसको बारेमा जानकारी लिन सकिन्छ।

**नोटिस बोर्ड सर्भिस भनेको के हो ? यो सेवा कसरी लिन सकिन्छ ?**

एउटै सूचना वा सन्देश धेरै मानिस समक्ष पुऱ्याउनका लागि नोटिस बोर्ड सर्भिसको प्रयोग गरिन्छ। विभिन्न संघ संस्था तथा स्कूल, कलेज, बैंकलगायतका कार्यालयहरुले बिदा वा आफ्ना अन्य सेवाका बारेमा जानकारी दिनका लागि यसको प्रयोग गरिरहेका छन्।

यो सेवामा भ्वाइस मेल बक्सलाई सूचना पाटीको रुपमा प्रयोग गरिन्छ। यो सेवा प्रयोग गरी प्रसारित गर्नुपर्ने सूचनालाई सूचना बोर्डमा रेकर्ड गराइन्छ। सम्बन्धित व्यक्तिहरुले टेलिफोन गरी आवश्यक जानकारी लिन सक्छन्।

पहिले नै टेलिफोन लाइन छ भने यो सेवा लिनका लागि त्यसैलाई प्रयोग गर्न सकिन्छ। हाल गाउँ गाउँमा समेत यसको प्रयोग हुने र टेलिफोन लाइन नहुने भएकोले नेपाल टेलिकमले भर्चुअल नम्बर Create गरेर पनि यो सेवा उपलब्ध गराउने गरेको छ।

काठमाडौंमा नेपाल टेलिकमको सुन्धारास्थित Intelligent Network (IN) Section बाट यो सुविधा लिन सकिन्छ। काठमाडौं बाहिरका ग्राहकलाई पनि कम्पनीको वेबसाइटमा भएको फारम भरेर आवश्यक कागजात स्क्यान गरी मेल गरेमा यो सुविधा उपलब्ध गराइन्छ।

यस सम्बन्धी विस्तृत जानकारी https://www.ntc.net.np/pages/view/audio-notice-board-service मा पाउन सकिन्छ।

## साउनदेखि सहुलियतपूर्ण मनसुन अफर

नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमा गरेको व्यवस्थाअनुसार नेपाल टेलिकमले उपलब्ध गराउने केही सेवामा टेलिकम सेवा शुल्क (TSC) समायोजन गरेपनि ग्राहकहरुको सुविधाको लागि हाललाई विभिन्न सेवाहरु पहिलेकै दरमा उपलब्ध गराएको छ।

यस अनुरुप नेपाल टेलिकमले मनसुन अफरको रुपमा विभिन्न प्याकेजहरु उपलब्ध गराएको छ। सो अफर साउन १ गते देखि लागू भएको छ।

नेपाल सरकारले साउन १ गते देखि नै लागू हुने गरी भ्वाइस सेवामा टेलिकम सेवा शुल्क (TSC) ११ प्रतिशतबाट बढाएर १३ प्रतिशत पुऱ्याएको छ। त्यसैगरी डाटा सेवामा १३ प्रतिशत सेवा शुल्क तिर्नु पर्ने भएको छ। पहिले डाटा सेवा प्रयोग गर्दा टेलिकम सेवा शुल्क तिर्नु पर्दैनथ्यो। अब भ्वाइस र डाटा दुवैमा १३ प्रतिशत टेलिकम सेवा शुल्क तिर्नु पर्ने भएको छ।

एडीएसएल लगायत विभिन्न प्याकहरु विशेष लोकप्रिय भएकाले ग्राहकहरुलाई थप आर्थिक भार नपर्ने गरी पहिलेकै दरमा उपलब्ध गराइएको छ।

कम्पनीले पहिले देखि नै उपलब्ध गराएका विकेन्ड प्याक, नाइट टाइम अनलिमिटेड डाटा प्याक, जीएसएम थ्रीजी/फोरजी १ जीबी पर डे प्याक, सीयूजी प्याकेज, भिडियो एन्ड टीभी स्ट्रिमिङ आवरली प्याक, एडीएसएलका विभिन्न प्याकेज र इन्डिया अफर अन्तर्गत डेली प्याक र विक्ली प्याक पहिलेकै दरमा उपलब्ध गराएको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमा गरेको व्यवस्थाअनुसार विभिन्न प्याक तथा सेवाहरुमा मूल्य समायोजन गरिएको छ।

अल टाइम भ्वाइस प्याक, नाइट टाइम भ्वाइस प्याक, एसएमएस प्याकेज, मिस्ड कल एलर्ट र एफटीटीएच लगायतका विभिन्न प्याकेजहरुको मूल्य समायोजन गरिएको छ। कम्पनीले उपलब्ध गराएका विभिन्न प्याकेजहरुमा २५ देखि ५० प्रतिशतसम्म बोनस उपलब्ध गराइएको छ।

मनसुन अफर अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्न ग्राहकले *1415# डायल गर्नु पर्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ।

## विद्यार्थीहरुका लागि मिदास ई–क्लास

नेपाल टेलिकमले मिदास एजुकेसन प्रालिसँग सहकार्य गरी मिदास ई-क्लास (MiDas eCLASS)सेवा उपलब्ध गराएको छ। विद्यालय तहमा पढाइने पाठ्यक्रम विद्यार्थीहरुलाई मोबाइल फोन, ट्याब्लेट र कम्प्युटर माध्यमबाट उपलब्ध गराई सिक्न सघाउने यो एक प्लेटफर्म हो।

उक्त प्लेटफर्मको माध्यमबाट उपलब्ध गराइने शैक्षिक सामग्रीहरु श्रव्य, दृश्य माध्यममा हुने भएकाले बालबालिकालाई रुचिपूर्ण र बुझ्न तथा सम्झन सहज हुने अपेक्षा गरिएको छ। विद्यालयमा पढ्नु पर्ने पाठमा आधारित क्विज र गेम पनि यसमा उपलब्ध छन्। नेपाल टेलिकमका ग्राहकहरुले इन्टरनेटको प्रयोग गरी मोबाइल फोन र ट्याब्लेटमार्फत मिदास ई-क्लास प्रयोग गर्न सक्छन्।

मिदास ई-क्लासमा शिशु कक्षा (प्लेग्रुप)देखि कक्षा १० सम्मका विभिन्न विषयहरु समावेश गरिएको छ। मिदास ई-क्लासको सहयोगले बालबालिकाले नबुझेका विषयवस्तुको बारेमा अनलाइनमार्फत शिक्षकसँग सम्पर्क गरी सिक्न सक्छन्। शिक्षकले विद्यार्थीका लागि आवश्यक पाठ्य सामग्री यसैमार्फत उपलब्ध गराउन सक्छन्। त्यसैगरी अभिभावकले पनि शिक्षकसँग अन्तरक्रिया गरी सिकेर्नो मोबा आफ्ना बालबालिकालाई सिकाउन सक्छन्।

मिदास ई-क्लासको प्रयोग गर्नका लागि गुगल प्ले स्टोरमार्फत MiDas eCLASS एप डाउनलोड गर्नु पर्छ।

यो सुविधा मिति २०७५ असार १२ देखि उपलब्ध भएको हो। यसका लागि नेपाल टेलिकमका ग्राहकले दैनिक १५ रुपैयाँ, साप्ताहिक ७० रुपैयाँ र मासिक २५० रुपैयाँमा यो सुविधा खरिद गर्न सक्ने छन्। यो सुविधा उपभोग गर्न वाइफाई वा मोबाइल डाटा सेवा आवश्यक पर्छ। मोबाइल डाटा प्रयोग गर्दा डाटाको अतिरिक्त शुल्क लाग्ने छ। नेपाल टेलिकमले उपलब्ध गराएका विभिन्न डाटा प्याकहरुको प्रयोग गरी यो सेवा उपयोग गर्न सकिन्छ।

इन्टरनेटको माध्यमबाट सामग्रीहरु उपलब्ध गराइने भएकोले ग्रामीण तथा दुर्गम स्थानका बालबालिकाले समेत सहजै शैक्षिक सामग्री प्राप्त गरी लाभान्वित हुने कम्पनीको विश्वास छ।

# खुदुनाबारीमा एम–सान एक्सचेन्ज




एक्सचेन्ज उद्घाटनका क्रममा मा. मन्त्री र अन्य सहभागीहरु ।

पूर्वाञ्चल क्षेत्रको निरीक्षण भ्रमणको सिलसिलामा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले गत असार १४ गते झापा जिल्लाको खुदुनावारीमा जडान गरिएको एम-सान एक्सचेन्ज (MSAN Exchange) उद्घाटन गर्नुभयो । सो एक्सचेन्जमार्फत तत्काल एडीएसएल सेवा सहितको १ सय ४४ लाइन टेलिफोन वितरण गर्न सकिने छ ।

माननीय मन्त्री बाँस्कोटाले स्थानीय 'रेडियो भिजन वितर्मोड' का सञ्चारकर्मीसँग कुरा गरी सो एक्सचेन्जको उद्घाटन गर्नुभएको थियो ।

उहाँले नागरिकको अधिकारको रुपमा रहेको सञ्चार सेवालाई नेपाल टेलिकमले शहरदेखि दुर्गम क्षेत्रका घर घरमा समेत पुऱ्याउनु पर्ने बताउँदै मोबाइल सेवासँग मानिसको जीवन्त सम्बन्ध भएकाले कुनै पनि नागरिक यो सेवा प्राप्त गर्नबाट बञ्चित हुनुहुँदैन भन्नु भयो ।

उक्त अवसरमा झापा क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य पवित्रा निरौला खरेलले सर्भे भइसकेका क्षेत्रमा बीटीएस टावर निर्माण गर्न र सर्भे नभएका स्थानमा सर्भे गरी भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो ।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाली जनताको धरोहरको रुपमा रहेको नेपाल टेलिकमले विगतमा जस्तै भविष्यमा पनि नेपालीको घरदैलोसम्म गुणस्तरीय एवं सुलभ दूरसञ्चार सेवा पुऱ्याउने प्रतिवद्धता ब्यक्त गर्दै कम्पनीले भविष्यमा पूर्वाञ्चल क्षेत्रमा ७ सय ५ वटा फोरजीका टावर सञ्चालनमा ल्याउने र त्यसबाट कुल १२ लाख ६० हजार ३ सय ५ लाइन क्षमता र हालसम्मकै उच्च गतिको इन्टरनेट तथा भ्वाइस सेवा उपलब्ध हुने जानकारी गराउनु भयो ।

उक्त कार्यक्रममा अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार रानाले पनि ल्यान्डलाइन टेलिफोन सेवा मोबाइल सेवाभन्दा बढी भरपर्दो हुने भएकोले ल्यान्डलाइन सेवालाई थप विस्तार गरिदिन आग्रह गर्नुभयो ।

सो अवसरमा पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक अमरनाथ झाले अतिथिहरुको स्वागत गर्दै एक्सचेन्जको बारेमा जानकारी गराउनु भएको थियो । उक्त अवसरमा निःशुल्क सिम वितरण गरिएको थियो ।

# सस्तो दरमा विदेशबाट कल गर्न इजिफोन




छोटो समयका लागि विदेश जानेहरुका निम्ति इजिफोन सेवा निकै उपयोगी सिद्ध भएको छ। सामान्यतया विदेशबाट नेपालमा फोन गर्न महँगो पर्ने हुन्छ, तर इजिफोनको प्रयोग गरी सस्तो दरमा नेपालमा कुराकानी गर्न सकिन्छ।

इजिफोनबाट नेपालभित्रै पनि फोन गर्न सकिन्छ। नेपाल टेलिकमले २०६७श्रावण १६ देखि इजिफोन सेवा उपलब्ध गराउन थालेको हो।

इजिफोन SIP (Session Initiation Protocol) मा आधारित Softphone हो। नेपालबाट विदेशमा वा विदेशमा गएको समयमा विदेशबाट नेपालमा सस्तो दरमा कल गर्न इजिफोन प्रयोग गर्न सकिन्छ। उक्त सेवा उपभोग गर्नका लागि हाल नेपाल टेलिकमको सुन्धारास्थित कार्यालयबाट Account Number र Password उपलब्ध गराइन्छ र त्यसपछि कम्प्युटर वा मोबाइल फोनमार्फतकल गर्न सकिन्छ।

मोबाइल फोन मार्फत कल गर्न मोबाइलको प्लेस्टोर/एपस्टोरमा गई NT EasyPhone एप डाउनलोड गरी नेपाल टेलिकमले उपलब्ध गराएको ८ अंकको एकाउन्ट नम्बर(६०४०****) र पासवर्डमार्फत एकाउन्टमा रजिष्टर गरी इन्टरनेटको प्रयोग गरी सस्तो दरमा कल गर्न सकिन्छ।

इजिफोनको प्रयोग गरेर कम्प्युटरमार्फत कल गर्नका लागि नेपाल टेलिकमको वेबसाइटमार्फत इजिफोन (Softphone) को Software Application डाउनलोड गरी आफ्नो कम्प्युटर वा ल्यापटपमा Install गर्नुपर्छ। उक्त Application Activate गर्नका लागि Software Application को साथमा रहेको Serial Key दिनुपर्छ। त्यसपछि इजिफोनको Icon कम्प्युटरको डेस्कटपमा देखिन्छ।

उक्त Icon लाई Double Click गर्दा इजिफोनको Login Screen आउँछ। नेपाल टेलिकमले उपलब्ध गराएको इजिफोन सेवाको Account Number र Password राखी Login गरेपछि Dialler Screen आउँछ। त्यसपछि यसमार्फत फोन गर्न सकिन्छ। यो सेवा प्रयोग गर्न पनि सजिलो छ र Voice Quality पनि स्तरीय छ।

कम्प्युटर वा ल्यापटप नभएको खण्डमा पनि इन्टरनेट लाइन भएको मोडेम ATA (Analog Telephone Adaptor) मा फोन सेट जडान गरी फोन सेटबाट सिधै नम्बर डायल गरी इजिफोन सेवामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कल गर्न सकिन्छ। यो सेवामा आइएसडी सुविधा नभएको फोनबाट पनि अन्तर्राष्ट्रिय कल गर्न सकिन्छ

यो सेवा लिनका लागि रु. ५०।- सहित दर्ता फाराम भरेर दूरसञ्चार कार्यालय सुन्धारामा बुझाउनु पर्छ। रु. ५०।- मध्ये रु.४४।१० Talk Value हुन्छ।

त्यसपछि Account Number र Password सम्बन्धी जानकारी भएको कार्ड ग्राहकलाई उपलब्ध गराइन्छ। यो प्रिपेड सेवा भएकोले आफ्नो आवश्यकताअनुसार रिचार्ज गरेर इजिकलको निरन्तर प्रयोग गर्न सकिन्छ। नेपाल टेलिकमको रिचार्ज कार्डको प्रयोग गरी नेपाल टेलिकमको वेबसाइट (http://webrecharge.ntc.net.np/) वा IVR मार्फत १४१२ डायल गरी रिचार्ज गर्न सकिन्छ। यो सेवाबाट फोन गर्न Country Code, एरिया कोड र टेलिफोन नम्बर डायल गर्नुपर्छ।

नेपाल टेलिकमको वेबसाइट अन्तर्गत https://www.ntc.net.np/pages/view/easy-phone-service मा यस सम्बन्धी विस्तृत जानकारी उपलब्ध छ। EasyPhone अन्तर्गत रहेको http://fin.ntc.net.np/tellin/ppt_usr_index.jsp मार्फत Balance Inquiry र रिचार्ज गर्न तथा Validity चेक गर्न पनि सकिन्छ।

# पूर्वाञ्चलमा कम्पनीको योजना

नेपाल टेलिकमले पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गत झापाको खुदुनाबारीमा हालै एम-सानएक्सचेन्ज जडान गरेको छ। यसै वर्ष झिलझिलेमा पनि एक्सचेन्ज जडान गरी ल्यान्डलाइन तथा एडीएसएल सेवा वितरण गरिएको छ।

उच्च गतिको एफटीटीएच नेटवर्क विस्तार गर्न झापाको दमकमा १ हजार लाइन क्षमताको उपकरण जडान गरी एफटीटीएच मार्फत इन्टरनेट सेवा वितरण गर्ने कम्पनीको योजना छ। पूर्वाञ्चल क्षेत्रमा १ सय ५७ वटा एक्सचेन्ज स्थापना भएका छन्। यसमा १ लाख ३२ हजार ५ सय ६२ टेलिफोन लाइन र ४१ हजार ३ सय ८८ डाटा सेवा लाइन क्षमता रहेको छ।

पूर्वाञ्चलमा मोबाइल सेवाका लागि ४ सय ८० वटा टावर सञ्चालनमा रहेका छन्। त्यसैगरी थप १ सय७५ वटा नयाँ टावर सञ्चालनमा आउने क्रममा रहेका छन्। यसबाट टुजी मोबाइल फोन सेवामा ११ लाख र थ्रीजी सेवामा ५ लाख ग्राहकले सेवा उपभोग गर्न सक्ने छन्। थ्रीजी सेवाका लागि झापा जिल्लामा मात्र १९ वटा नयाँ थ्रीजी टावर सञ्चालनमा आउने छन्। हाल झापा जिल्लाका ४६ स्थानमा थ्रीजी टावर सञ्चालनमा रहेका छन्।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**